“मेरो सहाबा (साथी) हरूलाई गालीगलौज नगर । यदि तिमीहरूमध्ये कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि उनीहरुले एक वा आधा मुद खर्च गरे जस्तो पुण्य प्राप्त गर्न सक्नेछैन ।”

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “मेरो सहाबा (साथी) हरूलाई गालीगलौज नगर । यदि तिमीहरूमध्ये कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि उनीहरुले एक वा आधा मुद खर्च गरे जस्तो
पुण्य प्राप्त गर्न सक्नेछैन ।” [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सहाबा (उन्का साथी) हरूलाई, विशेष गरी मुहाजरीन (प्रवासी) र अन्सारका प्रथम इस्लाम ल्याउनेहरूलाई गाली गर्न र श्राप दिन निषेध गर्नुभएको छ । यदि कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि एक सहाबीले एक मुद वा त्यसको आधा खर्च गरे जस्तो पुण्य प्राप्त गर्न सक्नेछैन भनेर उहाँले सुचित गर्नुभएको छ । औसत व्यक्तिको दुवै हत्केलामा अटाउने जति परिमाणलाई एक मुद भनिन्छ । यो तिनीहरूको इख्लास, मनसायको इमानदारी र मक्काको विजय हुनु अघि अत्यन्त आवश्यक रहेको बेला खर्च र लडाईमा अग्रगामीले गर्दा हो ।

https://sunnah.global/hadeeth/ne/show/11000